# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी, प्रदेश, नेपाल

प.सं. २०७९/०८० ( कृषि बिकास शाखा )
च नं.

मितिः २०८०/०२/०३

**विषय: धानको बिजबृद्धि कार्यक्रम बारे सूचना !!!**

उक्त सम्बन्धमा अर्जुनधारा नगरपालिकाको कार्यालय, कृषि विकास शाखाको आर्थिक बर्ष २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम सञ्चालन गरिने कार्यक्रम मध्ये धानको बिजबृद्धि कार्यकम ५० प्रतिशत अनुदानमा कार्यक्रम संञ्चालन गर्नु पर्ने भएकोले उपभोक्ताहरुको समेत लागत सहभागितामा उक्त कार्यक्रम माग एवं सञ्चालन गरी लाभान्वित हुन इच्छुक कृषक समूह, कृषि सहकारी संस्था, कृषि उद्यमी लगायत नेपाल सरकारको स्वामित्वबाट गठित तथा सञ्चालित संघ संस्था तथा निकायहरुले निम्न बमोजिमका कागजातहरु समावेश गरी अर्जुनधारा नगरपालिकाको कार्यालय, कृषि विकास शाखामा मिति २०८०/०२/१० गते कार्यालय समय भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गीता कुमारी राई
प्रमुख प्रशासकीय अधिकृत

निवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

१. निवेदन
२, समूह/संस्था तथा उद्यमीको बैठक निर्णयको प्रतिलिपीः- एकप्रति
३, समुह/संस्था/को दर्ता प्रमाण पत्र वा सुचिकृत प्रमाण-पत्रको प्रतिलिपी ।
४.जग्गा भाडामा (लिज) लिई समुह/संस्था/कृषि फार्म/व्यक्तिले सञ्चालन गरेको भएमाजग्गाको क्षेत्रफल खुलेको करारनामा कागजातको प्रलिलिपी ।
५.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

नोटः बिस्तृत जानकारीको लागि अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा सम्पर्क राखी थप जानकारी लिन हुन अनुरोध छ ।